## १. (मोही हक नामसारीको लागि दिने निवेदनको ढाँचा)

श्रीमान् भूमिसुधार अधिकारीज्यू,
भूमिसुधार कार्यालय, .............................. ।

**विषय : मोही सम्बन्धी हक नामसारी गरी पाऊँ ।**

महोदय,

उपर्युक्त सम्बन्धमा मेरा एकासगोलका बाजे/बज्यै/बाजे ससुरा/बज्यै सासु/बाबु/आमा/ससुरा/सासु/पति/ पत्नी/ छोरा/छोरी/दाजु/भाइ/दिदी/बहिनी ............................................... का नाममा यस कार्यालयको अभिलेखमा मोहीयानीमा दर्ता भई मोहीयानी हक रही भूमिसम्बन्धी नियमहरु, २०२१ को अनुसूची ४ बमोजिम जोताहाको अस्थायी निस्सा/अनुसूची-३ बमोजिम मोहीयानी हकको प्रमाणपत्र प्राप्त भएको देहाय बमोजिमको जग्गाको निज मोही .......................... को मिति ...................... मा आफ्नो कालगतिले मृत्यु भएको/मिति ....................... देखि नै वेपत्ता भई निजको खोजतलास गर्दा समेत फेला पार्न नसकिएको एवं कहाँ रहेका छन् भन्ने कुरा समेत पत्ता लाग्न नसकेको र निजको शेषपछि/वेपत्ता भएपछि सो जग्गाका जग्गावालाले मलाई पत्याई म आफैले मोहीको हैसियतले कमाई गरी आएको हुँदा सो जग्गाको मोही हक नामसारी गरी पाउनको लागि देहाय बमोजिमको कागजात संलग्न राखी रु. ......।- को टिकट टाँसी भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम यो निवेदन पेश गरेको छु । देहाय बमोजिमको कागज समेतको आधारमा जो जे बुझ्नु पर्ने बुझी उक्त दफा २६(१) बमोजिम निज मृतक .................................... को नामबाट मेरो नाममा मोही नामसारी गरी भूमिसम्बन्धी नियमहरु, २०२१ को नियम ९ अनुसार अनुसूची-३ बमोजिमको मोहीयानी हकको प्रमाणपत्र उपलब्ध गरी पाऊँ ।

लेखिएको व्यहोरा ठीक साँचो हो, फरक ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

१. जग्गाको विवरण

| जिल्ला | गा.पा./न.पा. | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल | किसिम/खण्ड | मोहीको नाम, थर र वतन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

२. जग्गावालाको विवरण

| जग्गावालाको नाम, थर | ठेगाना | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | नागरिकता नं./कार्यालय र मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

३. मृतक मोहीको विवरण

| निवेदकको नाम, थर | ठेगाना | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | निवेदकको नाता | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

४. निवेदकको विवरण

| निवेदकको नाम, थर | ठेगाना | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | नागरिकता नं./कार्यालय र मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

**संलग्न कागजातहरु :**

(.....) १. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि थान ........................................................................१
(.....) २. जोताहाको अस्थायी निस्सा/मोहीयानी हकको प्रमाणपत्रको प्रतिलिपि थान ..............................१
(.....) ३. जग्गावालालाई विगत आ.व. ............................./चालु आ.व. .............................. मा कुत बुझाएको भरपाई वा बाली धरौट राखेको रसिदको प्रतिलिपि थान ........................................................१
(.....) ४. मृतकको ...................... को मृत्युदर्ता प्रमाण पत्रको प्रतिलिपि थान..........................................१
(.....) ५. मृतक .............................. सँग निवेदकको नाता प्रमाण पत्रको प्रतिलिपि थान............................१
(.....) ६. ................................ गाउँपालिका/नगरपालिकाको च.नं. ....... मिति ....................... को निवेदकको फोटो समेत प्रमाणित भएको सिफारिस पत्रको सक्कल थान..........................................................१
(.....) ७. अन्य प्रमाण.....................................................................................................................

**निवेदक**

हस्ताक्षर :
नाम, थर र वर्ष :
ठेगाना :

इति सम्वत् २०.......... साल ............ महिना .......... गते रोज ...... शुभम् .....................................................

**नोट** : संलग्न कागजात अन्तर्गत निवेदन साथ पेश भएको कागजकोथानको हकमा कति पाना हुन्छ, सो को संख्या लेख्ने र शुरु भागमा राखिएको ( ) मा पेश भएको कागजको हकमा✓र कागज पेश नभएको हकमा ✗लगाउनु पर्नेछ ।



यो निवेदन म आफैले/निवेदकले भने बमोजिम तयार गरेको हुँ भनी सही गर्ने निवेदक ........................................ /व.अधिवक्ता/अधिवक्ता/
अभिकर्ता/लेखापढी व्यवसायी/ ................................ प्र.प.नं. ..................................................